# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्याः २०७९/०८०

चलानी नं.

मितिः २०७९/११/०२

---

सूचना ।　　　　सूचना ।।　　　　सूचना ।।।

**विषयः न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धी सूचना ।**

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७९/८० मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न हुन चाहने ईच्छुक बेरोजगार व्याक्तिहरुले २०७९ फागुन ३० गते भित्रमा आफुले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिनेछ साथै सम्पूर्ण विवरण भरेर वडा कार्यालयले प्रमाणित गरिएको निवेदनहरुलाई मात्र रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गरिनेछ ।

**न्युनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्डः**

१. निवेदन दिएको मितिसम्म सोहि आर्थिक वर्षमा न्युनतम १०० दिनको रोजगारीमा संलग्न नभएको ।

२. निवेदन दिएको मितिसम्म सोहि आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्युनतम १०० दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक (रु. ५७,७००/-) बराबरको आयभन्दा कम आय भएको ।

३. १८ देखि ५९ वर्ष उमेर समुहको ।

**न्युनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजातः**

१.निवेदकको नेपाली नागरिकताको प्रतिलिपि
(नागरिकतामा स्थाई बसोबास मायादेवी गाउँपालिका नदेखिएमा बसाइसराइ वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि)

२. पासपोर्ट साइजको १ प्रति फोटो

३. परिवारका सबै सदस्यहरुको नागरिकताको प्रतिलिपि ।

४. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृत लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भए सो पुष्टि गर्ने प्रमाणपत्र ।

...........................

(सोचना लम्साल)

रोजगार संयोजक

---